"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका कार्यालय

## इलाम

**विषय :– मेची राजमार्ग वडा नं. ४ बाट इन्टेक साङ्गरुम्वा (ल्याण्ड फिल साइट जाने सडक) सडक मर्मत सम्वन्धि शिलवन्दी वोलपत्र आब्हान सम्वन्धि ३० दिने सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७३/०३/१२

यस कार्यालय अन्र्तगत निम्नानुसारको निर्माण कार्य शिलबन्दी बोलपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि यो रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र कागजात यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाई (नेवैलि इलाम स्थित राजश्व खाता नं. ०४००३००००४३२) खरिद गर्न सकिने छ ।

२. बोलपत्र कागजात खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले नियमानुसारको कागजात दस्तुर बुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाण पत्र, आयकरको स्थायी नम्वर लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र र गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका बोलपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ३१ (औ) दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला वा e -submission गर्न सकिने छ । दाखिला हुन आएका वा e-submitted बोलपत्रहरु सोही दिनको १.०० वजे यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने र बुझाउने कार्य हुनेछ ।

५. बोलपत्र फारम यस कार्यालयबाट खरिद तथा यस कार्यालयमा दाखिला गर्न सकिनेछ । अन्य कार्यालयमा पेश गरिएको बोलपत्र लाई मान्यता दिईने छैन ।

६. बोलपत्र को खाम वाहिर बोलपत्र नम्बर, दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र बोलपत्र दाताको नाम, ठेगाना र फोन नं (घरको, मोवाईलको) स्पष्ट लेखिएको हुनु पर्नेछ ।

७. बोलपत्र साथ ने.वै.लि. इलाम स्थित धरौटी खाता नं. ०४००३००००३२ मा निर्माण सेवाको नामवाट तपसीलमा उल्लेखित जमानत वापतको रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का पट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ । e-bidding मार्फत पेश गरेको विड डकुमेन्टहरुको सक्कल प्रति बोलपत्र खोलीएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ सक्कल कागजात नबुझाएको बोलपत्रहरु मान्य हुने छैन ।

८. बोलपत्र दाताले स्पप्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

९. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र फारम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

१०. बोलपत्र दाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको बोलपत्र पेश गर्नु पर्नेछ ।

११. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्र दाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

१२. अन्य विस्तृत विवरण Bid Document को Bid Data मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्र दाताको हुनेछ ।

१३. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४ वोलपत्रको परीक्षण र मूल्यांकन स्पेशिफिकेसन अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

Executive Officer

१५ वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१६. e -submission सम्बन्धि जानकारी Annex 1 मा राखिएको छ ।

१७. e-bidding का लागि सार्वजनीक खरीद अनुगमन कार्यालयको Website : www.bolpatra.gov.np वाट bid document हरु download गर्न सकिने छ । e -submission का लागि वोलपत्र खरिद दस्तुर वापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का पट्टा नं र कामको विवरण खुलेको राजश्व दाखिला भौचर Electronic bid files साथै पेश गर्नु पर्ने छ । e-bidding मार्फत document खरीद गर्नको लागी रकम जम्मा गर्ने वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन ।

वैंकको नाम :- नेपाल वैक लि. इलाम | वैंक कोड नं. :- ११००१०३६

कार्यालय कोड नं. :- ०३/३६५/०२ | धरौटी खाता नं. :- ०४००३००००००३२

१८. वोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१९. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय स्वायत्त शासन ऐन, नियमावलि तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

२०. वोलपत्र शर्तरहित, केरमेट नभएको मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ । एकपटक पेश भएको वोलपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

२१. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

**सिलवन्दी बोलपत्र सम्वन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट वाहेक) | जमानत रकम | वोलपत्र फारम दस्तुर रु. | वोलपत्र खरिद गर्न सकिने अवधि (दिन) |
|---|---|---|---|---|---|---|
| १. | इ.न.पा.का./इलाम/ एनसीवि/निर्माण ०७/०७२/०७३ | मेची राजमार्ग वडा नं. ४ बाट इन्टेक साङ्गरुम्वा (ल्याण्ड फिल साइट जाने सडक) सडक मर्मत, इलाम नगरपालिका वार्ड नं.- ४, गोलाखर्क । | ३,८१८,१३५.१६ | १२२,०००.०० | १,०००.०० | ३० दिन |

Executive Officer

.....................................

महेन्द्र कुमार खाम्यायाङ्ग

**कार्यकारी अधिकृत**

027-520060/ 520065 Fax: 027-520031; Fire Brigade 027-520030

URL: www.ilammun.gov.np Email: info@ilammun.gov.np; mun.ilam@gmail.com